समुन्नत पर्यटकीय पोखरा

Prosperous Touristic Pokhara

# दोश्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

# अवधारणा-पत्र

पोखरा महानगरपालिका

## शहरी योजना आयोग

पोखरा

फागुन २०८०

## विषयसूची


१. पृष्ठभूमि ..........१

२. प्रथम त्रिवर्षीय योजनाको संक्षिप्त समीक्षा..........२

३. पोखरा २१०० तथा प्रथम त्रिवर्षीय योजनाको प्रगति..........३

४. पोखराको विकास प्रयासका मूलभूत सबाल र चुनौतिहरू..........६

५. आगामी पञ्चवर्षीय योजनाको कार्यदिशा..........८

५.१ सोच (Vision)..........८

५.२ ध्येय (Mission)..........९

५.३ लक्ष्य (Goal)..........९

५.४ उद्देश्य (Objective)..........९

५.५ समष्टिगत रणनीति..........९

६. समुन्नतिका संवाहक क्षेत्र र रणनीति..........१०

क. आर्थिक विकासः..........१०

ख. सामाजिक विकासः..........१०

ग. पुर्वाधार विकासः..........११

घ. पर्यटन, वातावरण तथा विपद व्यवस्थापनः..........१२

ङ. सुशासन तथा संस्थागत विकासः..........१२

७. योजना तर्जुमा विधि र प्रक्रिया..........१३

८. अपेक्षित नतिजा..........१४

अनुसुचीहरु

# १. पृष्ठभूमि

योजनावद्ध विकास प्रयासले देशमा उपलब्ध प्राकृतिक, भौतिक, वित्तीय तथा मानवीय श्रोत साधनलाई उच्चतम उपयोग गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य हासिल गर्न योगदान गर्दछ। राजनीतिक दल तथा उमेदवारले निर्वाचनको समयमा मतदाता सामु प्रस्तुत गरेको विकासको मार्गचित्र तथा प्रतिवद्धतालाई संस्थागत गरी एजेण्डाका रूपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुको सहभागिता र सहकार्यमा आवधिक योजना तर्जुमा गर्ने अभ्यास शुरु भएको सात दशक पुरा भइसकेको छ। नेपाल सरकार अहिले १५ औं आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा छ। राष्ट्रिय योजना आयोगले १६औं योजना तर्जुमाको प्रक्रिया अन्तिम चरणमा पुर्याएको छ। नेपाल सरकारको तर्फबाट दीर्घकालीन योजना, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनमा राष्ट्रिय योजना आयोगले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारलाई आ-आफ्नो अधिकार क्षेत्रभित्र रही योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुमगन तथा मूल्याङ्कन गर्ने र त्यसका लागि आवश्यक पर्ने स्रोतको प्रबन्ध गर्न सक्ने अधिकार प्रदान गरेको छ। सोही कार्यजिम्मेवारी अनुरूप प्रदेश तहमा प्रदेश नीति तथा योजना आयोग गठन भई योजनावद्ध विकासलाई संस्थागत गर्ने प्रयास भइरहेको छ। गण्डकी प्रदेश सरकार अहिले प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको अन्तिम वर्षमा छ। गण्डकी प्रदेश नीति तथा योजना आयोगले प्रथम पञ्चवर्षीय योजनाको समिक्षा सम्पन्न गरी दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमामा जुटेको छ ।

संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै स्थानीय तहहरु पनि आफ्ना विकास गतिविधिहरूलाई योजनाबद्ध तथा व्यविस्थत रूपमा सञ्चालन गर्न र निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्वताहरुलाई नतिजामा परिणत गर्ने प्रयास स्वरुप आवधिक योजना निर्माण र तदनुरूप कार्यान्वयनमा अग्रसर भएका छन्। यसै शिलसिलामा मुलुककै सबैभन्दा ठूलो महानगरपालिका पोखरा महानगरपालिकाले विकासको गतिलाइ तिब्रता प्रदान गर्न तथा स्थानीय जनताप्रतिको जवाफदेहिता अभिवृद्धि गर्न विभिन्न विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्दै लगेको छ। महानगरपालिका स्थापना भएपछिको प्रथम कार्यकालमै जारी गरिएको शहरी योजना आयोग (गठन तथा सञ्चालन सम्बन्धी) नियमावली, २०७४ (दोश्रो संसोधन सहित) अनुरूप गठित शहरी योजना आयोगबाट आवधिक योजना तर्जुमा र मध्यमकालिन खर्च संरचना निर्माण, वार्षिक

नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक, सहज र वस्तुनिष्ठ बनाउने प्रयास भएको छ ।

संवैधानिक, कानूनी तथा प्रक्रियागत व्यवस्थालाई आत्मसात गर्दै मौलिक विशिष्ठता र स्थानीय स्तरमा उपलब्ध सम्भावनालाई मध्यनजर गरी पोखरा महानगरपालिका शहरी योजना आयोगले पहिलो त्रीवर्षीय योजना (२०७८/७९-२०८०/८१) निर्माण गरी हाल कार्यान्वयनमा रहेको छ। प्रथम आवधिक योजनाको अवधि चालु आर्थिक वर्षमा समाप्त हुने भएकोले शहरी योजना आयोगले दोस्रो आवधिक योजनाको तर्जुमा प्रक्रिया शुरु गरेको छ। प्रथम आविधक योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धी र सिकाइको समीक्षा गर्दै महानगरपालिकाको विकास व्यवस्थापन, सुशासन, सेवाप्रवाह तथा आर्थिक विकासलाई मार्गदर्शन गर्न दोश्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को अवधारणापत्र तयार गरिएको छ।

## २. प्रथम त्रिवर्षीय योजनाको संक्षिप्त समीक्षा

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरूवातसँगै संविधान प्रदत्त कार्य जिम्मेवारी पुरा गर्न पोखरा महानगरपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरुको पहिलो पाँचवर्षे कार्यकालमा प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१) तर्जुमा गरी योजनावद्ध विकास प्रयासको थालनी भएको हो। विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९संक्रमणको महामारीको अवधिमा तर्जुमा भएको प्रथम आवधिक योजना कोभिड-१९ को संक्रमणको नियन्त्रण, उपचार तथा रोकथाम र विश्वव्यापी आर्थिक सिथिलताको दवाबमा रहेको अर्थतन्त्रको राहत र पुनःउत्थानमा केन्द्रित थियो। पहिलो स्थानीय निर्वाचन,२०७४ बाट निर्बाचित जनप्रतिनिधिहरूको उत्तरार्ध कार्यकालमा निर्माण भई दोश्रो निर्बाचन, २०७९ बाट निर्बाचित जनप्रतिनिधिहरूको पूर्वाद्धकालसम्म कार्यान्वयनमा रहेको प्रथम त्रिवर्षीय योजना अवधि कोभिड-१९को संक्रमण र अन्य प्रतिकुल परिस्थितिका बाबजुद उत्साहजनकरूपमा व्यतित भएको छ।

प्रथम आवधिक योजनाले देशकै प्रमुख पर्टकीय गन्तब्य पोखरा महानगरपालिकामा हरित उत्थानशिल र समावेशी विकासको अवधारणालाई आत्मसात गरी मध्यमकालिन खर्च संरचना (MTEF) र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा आन्तरिकिकरण गर्न सफल भएको छ। सो आवधिक योजनाले अवलम्बन गरेका निर्देशक सिद्धान्त, योजनाको लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरुको कार्यान्वयन गर्न आवश्यक देखिएका महत्वपूर्ण नीति, कानुन, नियमावली, कार्यविधि र मापदण्ड आदि कानूनी दस्तावेज निर्माण गरी विकास व्यवस्थापनलाई मार्गदर्शन गरेको छ। नेपालको संविधानको प्रावधान

अनुरुप राष्ट्रिय एबम् प्रादेशिक आवधिक योजनाहरुसँग  समेत तालमेल कायम गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र उद्देश्य हासिल गर्न योगदान पुर्याउने गरी स्थानीय योजनाका मूलभुत पक्षलाई सान्दर्भिक रुपमा निर्देशित गर्ने दिशामा पोखरा महानगरपालिका अग्रसर भएको छ।

प्रथम त्रिवर्षीय योजनाले नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिवद्धता, नेपाल पक्ष भएका सन्धी/सम्झौताहरु, दिगो विकास लक्ष्य, कार्बन तटस्थता सम्वन्धी प्रावधान तथा मापदण्डहरुलाई स्थानीय परिवेश अनुकुल बनाएर विकास प्रक्रियामा मुलप्रवाहिकरण गर्न महत्वपूर्ण भुमिका खेलेको छ। प्रथम आवधिक योजनाबाट परिलक्षित सबै उद्देश्य तथा लक्ष्य हासिल गर्न पूर्ण सफल नभए पनि उपलव्ध सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्ने उपयुक्त विकल्प पहिल्याई सामाजिक तथा आर्थिक विकासमा तीव्रता ल्याउन, विगतको उपलब्धि तथा प्रगति समीक्षा र हालको अवस्थाको यथार्थ चित्रण गर्दै आगामी दिनको आवश्यकता, प्राथमिकता र नतिजा आँकलन गर्न तथा नतिजामुखी विकास प्रक्रिया अवलम्वन गर्ने पद्वति स्थापित गर्न सफल भएको छ।

योजनावद्व विकास अभियानले सिमित श्रोत साधनलाई उच्चतम रुपमा परिचालन गरी समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउन प्राथमिकताप्राप्त क्षेत्र र समग्र विकास प्रक्रियामा महत्वपूर्ण भूमिका हुने विपन्न तथा पिछडिएका र जोखिममा रहेका वर्गको संलग्नता र अपनत्व वृद्धि गर्ने परिपाटी विकासतर्फ उन्मुख भएको छ। महानगरपालिका प्रति समुदायको विश्वास अभिवृद्धि गरी समाजलाई विकास तथा समृद्धितर्फ अग्रसर गराउन सार्वजनिक निजी साझेदारीमा स्थानीय आर्थिक विकासको अवधारणा स्थापित गर्न प्रथम आवधिक योजनाले महत्वपूर्ण भूमिका खेलेको छ। यसका अतिरिक्त हरित विकास तथा विपद् जोखिम संवेदनशीलता तथा उत्थानशीलताका साथै लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन पनि महत्वपूर्ण भूमिका खेलेको छ।

## ३. पोखरा २१०० तथा प्रथम त्रिवर्षीय योजनाको प्रगति

पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षीय योजना महानगरपालिका स्थापना पश्चात लगत्तै तयार भएको **"पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-०८२)"** को मार्गदर्शनबाट निर्देशित रहेको छ। महानगरपालिकाको दीर्घकालिन सोचपत्रका रुपमा रहेको उक्त दस्तावेजले **"समुन्नत पर्यटकीय पोखरा"** लाई महानगरपालिकाको दीर्घकालीन सोचका रुपमा आत्मसात गरी पोखरालाई वि.सं. २१०० सम्ममा कार्बन तटस्थ शहरमा परिणत गर्ने लक्ष्य लिएको छ। उक्त सोचपत्रले पहिचान गरेका दीर्घकालिन लक्ष्य तथा समुन्नतिका संवाहक र रणनीतिक स्तम्भहरुलाई

कार्यान्वयनयोग्य ढाँचामा परिणत गरेर प्राथमिकताका आधारमा नियमित योजनाचक्रमा मुलप्रवाहिकरण गर्ने काम **"प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१)"**ले गरेको छ।

'पोखरा २१००' ले परिकल्पना गरेका समुन्नति र बृहत्तर सामाजिक-आर्थिक रूपान्तरणको मार्गचित्रलाई मध्यमकालिन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रमसँग जोड्ने प्रणाली प्रथम त्रिवर्यीय योजनाले स्थापित गरेको छ। कोभिड १९ संक्रमणको महामारीको विषम अवस्था तथा राज्य पुनःसंरचना पश्चात स्थापना भएको महानगरपालिकामा स्थानीय तहस्तरीय विविधिकृत तथ्यांकको अभावमा योजनाका परिमाणात्मक लक्ष्य र तिनलाई मापन गर्ने परिसूचकहरु परिभाषित गर्न नसकिएको अवस्था छ। तथापी, योजना तर्जुमादेखि कार्यान्वयन अवधिसम्म भोग्नु परेका विविध चुनौतिका बाबजुद पोखरा महानगरपालिकाले प्रथम आवधिक योजनाको कार्यान्वयनमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

प्रथम आवधिक योजनाले समष्टिगत लक्ष्यका रुपमा "नीला तालहरू, समृद्ध संस्कृति, सुरक्षित जीवन, वैज्ञानिक दृष्टिकोण र उत्थानशील तथा समावेशी भौतिक पूर्वाधार सहितको सम्पन्न सहर निर्माण" गर्ने लक्ष्य लिएको छ। निर्धारित लक्ष्यका अधिकांश सूचकहरु मापनयोग्य हुन नसकेकोले उपलब्धिको मापनमा कठिनाइ भएको छ। तथापि योजना कार्यान्वयनको अवस्थाले गुणात्मक रुपमा लक्ष्य उन्मुख रहेको संकेत गरेको छ। लैंगिक, सामाजिक, आर्थिक र वातावरणीय अवस्था सुधारमा नतिजातहका सूचकमा लेखाजोखा गर्न नसक्ने अवस्था रहेको छ।

क. प्रथम आवधिक योजनाले तिन वर्षको अवधिमा महानगरपालिका क्षेत्रमा कुल रु.२७ अर्ब ३० करोड खर्च हुने प्रक्षेपण गरेकोमा सो अवधिमा पोखरा महानगरपालिकाको तर्फबाट करिब १६ अर्ब खर्च हुने प्रारम्भिक अनुमान छ । संघ तथा प्रदेश सरकारबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रमका साथै निजि क्षेत्र र विकास साझेदारहरुको तर्फबाट हालसम्म भएको लगानीको अवस्था र त्यसको प्रवृत्ति हेर्दा चालु आर्थिक वर्ष २०८०/८१को अन्त्यसम्ममा कुल खर्च रु.२५ अर्ब पुग्ने अनुमान गरिएको छ ।

ख. पोखराको आर्थिक विकासलाई विविधिकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने उद्देश्य परिपुर्तिको अवस्था हेर्दा उत्पादन, उत्पादकत्व, रोजगारी र आयमा क्रमिक सुधार भएको देखिएको छ । कोभिड-१९को संक्रमण र विश्व आर्थिक मन्दिको कारण स्थानीय अर्थतन्त्रको मेरुदण्ड पर्यटन, कृषि र सेवामूलक उद्योग व्यवसायमा

अपेक्षित वृद्धि र विस्तारमा समस्या सामना गर्नु परेको देखिन्छ। यद्यपि प्रथम आवधिक योजना तर्जुमाको वर्षमा १६०५ अमेरिकी डलर रहेको महानगरपालिकाको प्रतिव्यक्ति आय आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म १८८० अमेरिकी डलर पुगेको अनुमान छ ।

ग. आर्थिक वर्ष २०७७/७८ मा रु. एक खर्ब १० अर्ब ५३ करोड ५३ लाख रहेको महानगरपालिकाको कुल उत्पादन (Gross Municipal Income) आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा रु.एक खर्ब २६ अर्ब सात करोड ७८ लाख पुगेको अनुमान छ ।

घ. यस प्रथम योजना अवधिमा शहरी विकास, भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा व्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा नगरबासीको सहज पहुँच स्थापित गर्ने उद्देश्य प्राप्तिको दिशामा सामान्य सुधार देखिएको छ। यस योजना अवधिमा सडक, पुल, पार्क, भवन लगायत सार्वजनिक निर्माणमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। यस योजना अवधिमा प्रति बर्ग कि.मि. क्षेत्रफलको सडक घनत्व ३.०२ कि.मि. बाट ३.६ कि.मि. पुगेको छ । यसैगरी महानगरपालिका क्षेत्रभित्र कुल पक्की सडक ६३३ कि.मि.बाट ९०० कि.मि.मा विस्तार भएको छ।

ङ. प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी पोखरा महानगरपालिकालाई दिगो पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने उद्देश्य हासिल गर्ने दिशातर्फ उन्मुख रहेको छ ।यस योजना अवधिमा पर्यटकीय आवागमन संख्यामा उल्लेख्य वृद्धि भई वार्षिक ३ लाखबाट ९ लाख पुगेको देखिन्छ। महानगरपालिकाले निजी क्षेत्र, स्थानीय समुदाय तथा व्यवसायीको सहकार्यमा पर्यटकीय सेवा, सुविधाको प्याकेज विकास तथा प्रवर्द्धनमा समन्वयात्मक रूपमा प्रयास गरिरहेकोले थप उपलव्धी हासिल हुने देखिन्छ ।

च. पोखरा महानगरपालिकालाई कार्बन तटस्थ शहरका रूपमा विकसित गर्ने उद्देश्य हासिल गर्न कार्यान्वयन अवस्थाको मुल्याङकन गर्दा कार्बन उत्सर्जनको अवस्था मापन भएको तथा कार्वन तटस्थता सम्वन्धी रणनीतिक कार्ययोजना तर्जुमाभई अद्यावधिक भएको देखिन्छ। उक्त कार्ययोजनामा निर्धारण गरिएका कार्यक्रमहरु क्रमशः कार्यान्वयनको प्रक्रियामा रहेका छन्।

छ. समन्यायिक विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संसाधनको विकास गरी शहरी सुशासन कायम गर्ने उद्देश्य हासिल तर्फ अग्रसर रहेको देखिन्छ। यस अवधिमा कानुनी दस्तावेजको

रुपमा ११४ वटा नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्वयन रहेको अवस्था छ ।

ज. महानगरपालिकाबाट समावेशी, सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि तथा रोजगारीका लागि निरन्तर प्रयत्न र पहल भईरहेको छ। यस योजना अवधिमा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा र व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना भई प्रभावकारी रूपमा सञ्चालन हुनुलाइ महत्वपूर्ण उपलब्धि रुपमा लिइएको छ ।

विगतको विकास प्रयास, प्रवृत्ति र प्रथम त्रिवर्षीय योजनाको उपलब्धिको विश्लेषण गर्दा राष्ट्रिय तथा प्रादेशिक परिमाणात्मक लक्ष्य, महानगरपालिकाको दीर्घकालीन सोचको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुर्याउने गरी मापनयोग्य परिसूचक परिभाषित गरी आवश्यक सूचना तथा तथ्यांकहरू संकलन र व्यवस्थापनमा दोस्रो आवधिक योजना तर्जुमा प्रक्रियामा विशेष ध्यान दिनुपर्ने देखिएको छ।

## ४. पोखराको विकास प्रयासका मूलभूत सबाल र चुनौतिहरू

योजनावद्ध विकासको निरन्तर प्रयास, विगतको प्रवृत्ति र प्रथम त्रिवर्षीय योजनाको उपलब्धीको समीक्षा गर्दा पोखरा महानगरपालिकामा योजनावद्ध विकास प्रयासका आधारमा विद्यमान प्रमुख सबाल तथा चुनौतिहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

**क. संस्थागत सुशासन क्षेत्र**

१. एकिकृत तथ्याङ्क प्रणाली विकास तथा संस्थागत अभिलेख व्यवस्थापन,
२. विकास आयोजनाहरुको पहिचान, छनौट र प्राथमिकिकरणमा विधिसम्मत तथा संस्थागत प्रक्रिया अवलम्वन,
३. बढ्दो चालु खर्च, लक्ष्यानुसार राजश्व असुली तथा राजश्व चुहावट नियन्त्रण,
४. राष्ट्रसेवक कर्मचारीको व्यवसायिक दक्षता, उत्प्रेरणा र जवाफदेहिता अभिवृद्धि,
५. आवधिक योजना, मध्यमकालिन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र वजेटवीच तादाम्यता,
६. व्यवस्थित शहरीकरण तथा बस्ती विकास, सुकुम्वासी व्यवस्थापन, अतिक्रमित तथा अनधिकृत संरचना निर्माण नियन्त्रण,

७. सार्वजनिक सेवाप्रवाहमा नागरिकको विश्वसनियता अभिबृद्धि तथा निराशा न्यूनिकरण,

८. सेवाप्रवाहको गुणस्तरमा सुधार, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्धन र शिघ्र न्याय निरूपण,

## ख. आर्थिक विकास क्षेत्र

९. मानव-बन्यजन्तु द्वन्द न्यूनिकरण तथा बाझो जमिनको व्यवसायिक उपयोग तथा व्यवस्थापन,

१०. मूल्य श्रृंखला सुदृढिकरण र अर्थतन्त्रको संरचनात्मक सवलिकरण,

११. तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उत्पादकत्व वृद्धि मार्फत प्रतिष्पर्धात्मक क्षमतामा सुधार,

१२. श्रमशक्ति र श्रमबजार वीचको असन्तुलन न्यूनिकरण र युवा उद्यमशिलता,

१३. कृषिमा कमजोर मूल्य श्रृङ्खला, न्यून प्रतिफल र कृषिप्रति बढ्दो विकर्षण न्यूनिकरण,

१४. अनौपचारिक अर्थतन्त्रको औपचारिकरण र सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन,

१५. कृषि तथा पशुपालनमा रैथाने जातको संरक्षण तथा व्यवसायिकरण,

१६. परम्परागत कला, सीप, प्रविधि र संस्कृतिको संरक्षण तथा व्यसायिक उपयोग,

## ग. भौतिक पूर्वाधार विकास क्षेत्र

१७. पुर्वाधार निर्माणको लागि आवश्यक पर्ने जग्गा प्राप्ति तथा क्षतिपूर्ती प्रक्रियामा समन्वय तथा सरलिकरण,

१८. भू-बनौट तथा भौगर्भिक संवेदनशिलता अनुकूल भौतिक पुर्वाधार निर्माण सम्वन्धि नीति तथा मापदण्ड कार्यान्वयन र अनुगमन,

१९. विकास आयोजनाहरू निर्धारित समयमै सम्पन्न नहुने (Time Overrun) र तोकिएभन्दा बढी लागत लाग्ने (Cost Overrun) अवस्थाको अन्त्य र विकास व्यवस्थापनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन,

२०. शहरी पुर्वाधार तथा सेवा सुविधाको माग र आपुर्ति वीचको असन्तुलन न्यूनिकरण,

२१. आयोजना तथा कार्यक्रममा दोहोरोपन नियन्त्रण र अन्तरतह तथा अन्तर निकायवीच समन्वय तथा सहकार्य,

२२. शहरी क्षेत्रमा बढ्दो आवादी तथा ग्रामिण क्षेत्रमा निर्जनिकरण बिच सन्तुलन तथा व्यवस्थापन,

२३. पूर्वाधार सुशासन,

**घ. सामाजिक विकास क्षेत्र**

२४. व्यवहारिक सीपयुक्त, सिर्जनशील, प्रविधियुक्त र जीवनोपयोगी शिक्षा,

२५. प्राकृतिक स्रोतको संरक्षण, संकलन तथा दिगो व्यवस्थापन,

२६. युवा जनशक्तिको पलायन न्युनिकरण र जनसांख्यिक लाभको व्यवस्थापन,

२७. गुणस्तरीय सरकारी स्वास्थ्य सेवा, बढ्दो उपचार खर्च र न्यूनतम सेवा मापदण्ड सुनिश्चतता,

**ङ. वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकास क्षेत्र**

२८. सार्वजनिक सम्पत्ति, ताल, पोखरी आदि सार्वजनिक सम्पदाको संरक्षण, विकास तथा उपयोग,

२९. कार्बन उत्सर्जन न्यूनिकरण तथा जलवायु परिबर्तनको असर न्यूनिकरण र अनुकूलन,

३०. भू-उपयोग नीति कार्यान्वयन र अनुगमन तथा नियमन,

३१. फोहोरमैलाको दिगो व्यवस्थापन तथा स्वच्छ खानेपानी उपलब्धताको सुनिश्चतता,

३२. महानगरपालिकाको शहरी, शहरोन्मुख र ग्रामिण क्षेत्रमा सन्तुलित विकास व्यवस्थापन,

३३. विपद् पूर्वतयारी, प्रतिकार्य र दिगो पुनःलाभ।

# ५. आगामी पञ्चवर्षीय योजनाको कार्यदिशा

नेपालको संविधान अनुरुप समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान गर्दै पोखरा महानगरपालिकाको समुन्नतिका लागि आगामी पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को कार्यदिशा देहाय बमोजिम रहेकोछः

## ५.१ सोच (Vision)

समुन्नत पर्यटकीय पोखरा (Prosperous Touristic Pokhara)

## ५.२ *ध्येय* (Mission)

समुन्नत पोखराको आधारः सवल अर्थतन्त्र र पूर्वाधार

## *५.३* लक्ष्य (Goal)

हरित, उत्थानशिल, समावेशी र समन्यायिक विकास मार्फत पोखरालाई उत्कृष्ट पर्यटकीय केन्द्र बनाउने

## ५.४ उद्देश्य (Objective)

क. महानगरपालिका, निजिक्षेत्र र विकास साझेदारवीचको सहकार्यमा पर्यटन, कृषि तथा उद्योग क्षेत्र बिचको मूल्य श्रृङ्खला सुदृढिकरण गर्ने,

ख. जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन र समावेशी आर्थिक विकास तथा मर्यादित रोजगारी सिर्जना गर्ने,

ग. गुणस्तरीय, दिगो, समावेशी तथा योजनाबद्व सन्तुलित शहरी विकास हासिल गर्ने,

घ. उद्यमशील संस्कृतियुक्त, शिक्षित, प्रतिष्पर्धी तथा स्वस्थ मानवपुँजी निर्माण गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने,

ङ. सन्तुलित, दिगो, वातावरणमैत्री एवं गुणस्तरीय पुर्वाधार तथा सेवाको विकास गरी नागरिकको सुविधामा गुणात्मक सुधार गर्ने,

च. सुशासन प्रवर्द्धन, संस्थागत विकास, प्रविधिमैत्री सेवाप्रवाह तथा सदाचार प्रवर्धन गर्ने, र

छ. लैंगिक उत्तरदायी व्यवस्था, सामाजिक सुरक्षा तथा संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई समतामुलक समाज निर्माण गर्ने।

## *५.५* समष्टिगत रणनीति

क. दिगो विकासका लक्ष्य हासिल गर्दै सन् २०३० सम्म नेपाललाई मध्यम आय भएको विकासोन्मुख राष्ट्रमा स्तरोनन्ति हुने राष्ट्रिय उद्देश्य हासिल गर्न योगदान पुर्याउने रुपान्तरणकारी कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकता दिने,

ख. पोखरा महानगरपालिकाको स्थानीय मौलिक विशिष्टताको आधारमा दिगो, सन्तुलित र समावेशी विकासलाई प्राथमिकता दिने,

ग. सुरक्षित र मर्यादित जीवन जिउनयोग्य, समुन्नत पर्यटकीय शहरको रूपमा विकास गर्ने,

घ. निजी क्षेत्र तथा अन्य सरोकारवालाहरु वीचको समन्वय, सहकार्य तथा साझेदारीलाई सुदृढ तुल्याउने,

ङ. अध्ययन, अनुसन्धानबाट प्राप्त वस्तुनिष्ठ तथ्य र औचित्यताका आधारमा नीति निर्माण तथा विकासका कार्यक्रम कार्यान्वयन गर्ने, र
च. विकास आयोजना कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिताका लागि प्रविधिको उपयोग र सुशासन प्रवर्द्धन गर्ने।

## ६. समुन्नतिका संवाहक क्षेत्र र रणनीति

पोखरा महानगरपालिकाको दीर्घकालिन लक्ष्य हासिल गर्ने तथा दिगो विकासमा योगदान गर्ने देहायका क्षेत्रहरुलाई समुन्नतिका संवाहक क्षेत्रको रुपमा पहिचान गरी तदनुरूप रणनीतिहरू निर्धारण गरिएको छ :

### क. आर्थिक विकासः

१. पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ती क्षेत्रको मूल्य श्रृङ्खला सुदृढिकरण गर्ने,
२. निजि क्षेत्रको व्यवसायिक क्षमता तथा जवाफदेहिता अभिवृद्धिमा सहकार्य गर्ने,
३. कृषिको आधुनिकिकरण तथा व्यवसायिकरणद्वारा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
४. सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप) लाई प्रोत्साहन गर्ने,
५. युवा उद्यमशिलता र रोजगारी प्रवर्द्धनद्वारा शहरी गरिबी न्यूनिकरण गर्ने,
६. सर्वसुलभ वित्तीय पहुँच, सुरक्षित कारोबार र पुँजी निर्माणमा जोड दिने र
७. जलवायु उत्थानशील र चक्रीय अर्थतन्त्रको विकास गर्ने ।

### ख. सामाजिक विकासः

१. लक्षित वर्ग र समुदायको सामाजिक सुरक्षा तथा आर्थिक सशक्तिकरण गर्ने,
२. योगदानमा आधारित सामाजिक सुरक्षामा जोड दिने,
३. स्थानीय परम्परागत कला, भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने,
४. सामाजिक विकृति तथा विसंगति न्यूनिकरण र नैतिकता तथा सदाचार प्रवर्द्धन गर्ने,
५. प्रविधिमैत्री, व्यवहारिक, प्रयोगात्मक, व्यवसायिक, सिपयुक्त र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन गर्ने,
६. नैतिक तथा नागरिक शिक्षा र आध्यात्मिक पठन संस्कृति र शैक्षिक सुशासन प्रवर्द्धन गर्ने,

७. स्वास्थ्य सेवामा निदानात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनःस्थापनात्मक प्रणाली प्रवर्द्धन गर्ने,
८. स्वास्थ्य बीमाको पहुँच र दायरा विस्तार गरी सेवालाई सहज र सर्वसुलभ बनाउने,
९. भौगोलिक अवस्थिति, लक्षित समुदाय र जनसंख्याको आधारमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने,
१०. गुणस्तरीय, सर्वसुलभ र स्वच्छ खानेपानी एवं सरसफाई सेवा प्रवर्द्धन गर्ने,
११. बसाइ-सराई व्यवस्थापन र जनसांख्यिक लाभको सदुपयोगमा जोड दिने,
१२. युवा जनशक्तिलाई समाजप्रति थप जिम्मेवार, कर्तब्यनिष्ठ र प्रतिवद्ध बनाउदै विकास प्रक्रियामा परिचालन गर्ने,
१३. महिला, बालबालिका, किशोरकिशोरी, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको अधिकार संरक्षण र सम्मानित जीवनको प्रत्याभूत गर्ने र
१४. व्यवसायिक, प्रतिष्पर्धी तथा प्रविधिमैत्री खेलकुद विकास गर्ने।

## ग. पुर्वाधार विकासः

१. सडक तथा पुलको डिजाइन, निर्माण र मर्मत-संभारलाई सडक सुरक्षाका दृष्टिले प्रविधिमैत्री बनाउने,
२. पुर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरण तथा जलवायु उत्थानशिलतालाई प्राथमिकता दिने,
३. ठूला र तुलनात्मक लाभका पूर्वाधारमा वैदेशिक लगानी र हरित वित्त प्रोत्साहित गर्ने,
४. मूल्य श्रृङ्खला सवलिकरण, आर्थिक प्रतिफल अभिवृद्धि र जिविकोपार्जन सुधारमा सहयोग पुर्याउन अन्तरवडा र अन्तरस्थानीय तह पुर्वाधार विकासमा सहकार्य, समन्वय तथा सहजिकरण गर्ने,
५. हरित, दिगो, समावेशी तथा एकिकृत यातायात प्रणालीको विकास र यातायात क्षेत्रमा सुशासन कायम गर्ने,
६. पोखरालाई पर्यटकीय राजधानीको रूपमा विकास गर्न सघन शहरी तथा वातावरणमैत्री पूर्वाधार र एकिकृत वस्ती विकासमा जोड दिने,
७. भू-उपयोग योजना, बस्ती विकास तथा भवन तथा अन्य पुर्वाधार निर्माण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने,
८. आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको संयोजनबाट भुकम्प प्रतिरोधी तथा उर्जा दक्ष भवन निर्माणलाई प्रोत्साहन गर्ने,

९. महानगरपालिकाको सन्तुलित विकासको लागि भौतिक पुर्वाधार विकासलाई प्राथमिकिकरण गर्ने,
१०. महानगरपालिका भित्रका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण, विकास तथा प्रवर्द्धन गर्न सहलगानी तथा साझेदारी बढाउने,
११. नविकरणीय उर्जा र सूचना तथा सञ्चार प्रविधिको विकास तथा उपयोग विस्तारमा आवश्यक पूर्वाधार विकासका लागि सम्वद्ध निकायसँग समन्वय, सहजिकरण र सहकार्यलाई प्राथमिकता दिने, र
१२. विद्यमान सिंचाई प्रणालीहरुको समुचित उपयोग र भौगोलिक विशिष्ठताका आधारमा प्रविधिमैत्री नयाँ सिंचाई प्रणालीको विकासलाई प्राथमिकता दिने।

## घ. पर्यटन, वातावरण तथा विपद व्यवस्थापनः

१. पोखरालाई पर्यटकीय राजधानीको रूपमा विकास गर्न नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार सँग सहकार्य गर्ने,
२. नीजि क्षेत्रसँगको सहकार्यमा पर्यटकीय उपजहरु (गन्तब्य तथा सेवा) को विकास तथा बजारिकरण गर्ने,
३. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार र नीजिक्षेत्रसँगको साझेदारीमा वृहत्तर पोखरा (ग्रेटर पोखरा)को अवधारणा अनुरूप थप पर्यटकीय गन्तव्य र पूर्वाधार विकास गर्ने,
४. पोखराको भौतिक विकासका कार्यक्रमहरुलाई पर्यटन, वातावरण र विपद जोखिम न्यूनिकरणका दृष्टिले अनुकुल बनाउँदै लैजाने,
५. वातावरणीय पक्ष र विपद् जोखिम न्यूनिकरणलाई आत्मसात गरी पोखरालाई तालहरुको बगैचा शहरका रुपमा विकास तथा प्रवर्द्धन गर्ने,
६. पोखराको विकास प्रक्रियामा हरित अर्थतन्त्र र हरित लगानीलाई आन्तरिकिकरण गरी कार्वन तटस्थ शहर बनाउने, र
७. पर्यटन विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा स्थानीय बासिन्दाको सहभागिता र अपनत्व अभिबृद्धि गर्न नागरिक सचेतना कार्यक्रम सञ्चालन गर्ने।

## ङ. सुशासन तथा संस्थागत विकासः

१. सुशासन प्रवर्द्धन तथा सेवाप्रबाहको प्रभावकारिता अभिबृद्धिका लागि नीतिगत, कानूनी, संगठनात्मक तथा प्रक्रियागत सुधार गर्ने,
२. जनप्रतिनिधि र राष्ट्रसेवकहरूलाई निष्ठावान, जवाफदेही तथा सदाचारयुक्त बनाउने,

३. महानगरपालिका तथा मातहतका निकायको संस्थागत सवलिकरण, क्षमता विकास तथा समन्वयलाई सुदृढिकरण गर्ने,
४. महानगरपालिकाको विकास व्यवस्थापन, सेवाप्रवाह, सुशासन तथा न्याय सम्पादनमा प्रविधिको प्रयोग अभिबृद्धि गर्ने,
५. कानुनको पालना र जनविश्वास अभिबृद्धि गर्न महानगरपालिका, नीजिक्षेत्र र समुदायवीचको सहकार्यलाई सुदृढ बनाउने,
६. विवाद समाधान, मानवअधिकार प्रवर्द्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निश्पक्ष र विश्वसनीय बनाउन क्षमता विकास तथा संस्थागत सुदृढिकरण गर्ने,
७. भ्रष्टाचार विरूद्व सून्य सहनशिलताको नीति अवलम्बन गर्ने,
८. सार्वजनिक वित्त व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने,
९. आयोजना पहिचान, प्राथमिकिकरण, छनौट र कार्यान्वयनलाई परिणाममुखी बनाउन पूर्वाधार सुशासनलाई जोड दिने,
१०. स्रोत परिचालन सुधारका लागि करको दायरा विस्तार र कर चुहावट नियन्त्रणमा जोड दिने र
११. विकास आयोजनाहरूमा दोहोरोपन हटाउन संघ तथा प्रदेशसँग समन्वय र सहकार्य बढाउने ।

## ७. योजना तर्जुमा विधि र प्रक्रिया

पोखरा महानगरपालिकाको प्रथम त्रि-वर्षीय योजना (आर्थिक वर्ष २०७८/७९-२०८०/८१) को अवधि चालु आर्थिक वर्षमा सम्पन्न हुने भएकोले आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बार्षिक नीति तथा कार्यक्रम र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम शहरी योजना आयोगको निर्णय अनुसार पोखरा महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) तर्जुमा प्रक्रिया शुरु गरिएको छ। दोश्रो पञ्चवर्षीय योजना तर्जुमा कार्य सम्पन्न गर्न महानगरपालिकाका प्रमुखको संयोजकत्वमा दोश्रो पञ्चवर्षीय योजना तर्जुमा निर्देशक समिति, शहरी योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा संयोजन तथा समन्वय समिति र आयोगका सदस्यहरूको संयोजकत्वमा विषय क्षेत्रगत उपसमितिहरू गठन गरिएको छ। आगामी दोश्रो पञ्चवर्षीय योजना तर्जुमा गर्न उपलव्ध स्रोत साधनको उच्चतम उपयोग गरी आगामी वैशाखको अन्तिम हप्ता सम्म योजनाको अन्तिम प्रतिवेदन तयार गरिसक्ने गरी समय-तालिका समेत निर्धारण गरिएको छ ।

महानगरपालिकाको आगामी दोश्रो पञ्चवर्षीय योजना तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत सम्वद्ध संघीय कानूनहरूलाई मार्गदर्शनका रुपमा लिइएको छ। पोखरा महानगरपालिकाको नीतिगत तथा कानूनी व्यवस्था, संघ तथा गण्डकी प्रदेशका आवधिक योजना, दिगो विकास लक्ष्यको मार्गचित्र र पोखराको दीर्घकालिन सोच 'पोखरा २१००'का लक्ष्य तथा उद्देश्यहरुलाई सन्दर्भ सूचकको रूपमा लिइएको छ। त्यसैगरी, महानगरपालिकाको प्रथम त्रिवर्षीय योजनाको समीक्षा प्रतिवेदन, महानगरपालिकाका अन्य रणनीतिक योजना तथा क्षेत्रगत योजनाहरु र विभिन्न राजनीतिक दलहरूको घोषणापत्रहरूमा व्यक्त धारणाहरुलाई सैद्वान्तिक आधार मानिएको छ। पोखराको समग्र विकासको क्षेत्रमा विद्यमान प्रमुख समस्या तथा चुनौति, संभावना र अवसरलाई ध्यानमा राखी दोश्रो पञ्चवर्षीय योजना तर्जुमा कार्य सम्पन्न गरिनेछ ।

आगामी पञ्चवर्षीय योजना तर्जुमा गर्दा पोखरा महानगरपालिकाको विद्यमान अवस्था र प्राप्त उपलव्धीको समिक्षा गर्दै विद्यमान अवस्थाको तथ्यगत एवं वस्तुनिष्ठ विश्लेषण गरिनेछ । समुन्नत पर्यटकीय पोखरालाई दीर्घकालिन सोचको रूपमा आत्मासात गर्दै तदनुरूप ध्येय, लक्ष्य, उद्देश्यको आधारमा क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र परिमाणात्मक लक्ष्य समेत निर्धारण गरी योजनाको विस्तृत दस्तावेज तयार गरिनेछ ।

योजना तर्जुमा गर्दा स्थापित विधि, प्रक्रिया र चरणहरुमा सहभागितामुलक पद्वतिलाई अधिकतम रूपमा अवलम्वन गर्ने प्रयास गरिनेछ। पोखरा महानगरपालिकाका संवद्ध निकाय तथा पदाधिकारीहरू, राजनीतिक दल, जनप्रतिनिधिहरू, नीजिक्षेत्र, नागरिक समाज, समुदाय, गैरसरकारी क्षेत्र, सञ्चार क्षेत्र, विषय विज्ञ लगायतका सरोकारवालाहरूसँग आवश्यक छलफल तथा अन्तरक्रिया गरी सरोकारवाला सबैको धारणा र आकांक्षालाई उपयुक्तताका आधारमा समेट्ने प्रयास गरिनेछ। सरोकारवालाहरूबाट प्राप्त सान्दर्भिक राय, सुझाव तथा पृष्ठपोषणलाई योजनाको दस्तावेज तर्जुमामा समावेश गर्ने नीति अवलम्बन गरिनेछ ।

सरोकारवालाहरूको राय/सुझाव पश्चात परिमार्जित विस्तृत योजना स्वीकृतिका लागि महानगरपालिका नगर कार्यपालिका समक्ष पेश गरिनेछ ।पोखरा महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजना तर्जुमाको समय-तालिका अनुसूची-१ मा उल्लेख गरिएको छ ।

## ८. अपेक्षित नतिजा

आगामी २०८१ साल वैशाख महिना सम्म महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजना तर्जुमा कार्य सम्पन्न गरिनेछ । उक्त योजना महानगरपालिकाबाट स्वीकृत भए पछि आगामी आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८५/८६ का प्रत्येक बार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा दोश्रो पञ्चवर्षीय योजनालाई नै मुख्य मार्गदर्शन मानी तदनुरूप नीति, कार्यक्रम र बजेट तर्जुमा गर्न

सहज हुनेछ । दोश्रो पञ्चवर्षीय योजनाले महानगरपालिकाको मध्यमकालिन खर्च संरचना निर्माणको लागि समेत मार्गदर्शन गर्नेछ ।

## अनुसूचि १

### दोश्रो आवधिक योजना तर्जुमाको समयतालिका

| क सं | कार्यविवरण | समयसीमा |
|---|---|---|
| १ | दोश्रो पञ्चवर्षीय योजना तर्जुमा निर्देशक समिति, समन्वय तथा सहजिकरण समिति र विषय क्षेत्रगत उपसमितिहरू गठन | पुषको दोश्रो हप्ता |
| २ | दोश्रो आवधिक योजनाको अवधारणापत्र तयारी | पुषको तेश्रो हप्ता |
| ३ | दोश्रो आवधिक योजनाको अवधारणापत्र उपर राय सुझाव संकलन तथा नगर कार्यपालिकाबाट पारित | माघको चौथो हप्ता |
| ४ | विस्तृत योजना सम्बन्धमा महाशाखा शाखाहरूबाट विवरण तयारी | माघको चौथो हप्ता |
| ५ | परिमाणात्मक लक्ष्य निर्धारण, श्रोत अनुमान, प्रक्षेपण तथा क्षेत्रगत बाँडफाँट | माघको चौथो हप्ता |
| ६ | विषय क्षेत्रगत योजना सम्बन्धमा छलफल राय सुझाव संकलन तथा योजनाको मस्यौदा तयारी | फागुनको पहिलो हप्ता |
| ७ | आवधिक योजनाको एकिकृत मस्यौदा तयारी | चैतको तेश्रो हप्ता |
| ८ | एकिकृत मस्यौदा सम्बन्धमा महानगर विकास परिषदको बैठक तथा सदस्यहरूबाट राय सुझाव संकलन | चैतको चौथो हप्ता |
| ९ | एकिकृत मस्यौदा सम्बन्धमा कार्यशाला आयोजना | वैशाखको पहिलो हप्ता |
| १० | प्राप्त समग्र सुझाव समावेश गरी परिमार्जित अन्तिम मस्यौदा तयारी | बैशाख तेश्रो हप्ता |
| ११ | नगर कार्यपालिकाद्वारा दोश्रो पञ्चवर्षीय योजना स्वीकृति | बैशाख चौथो हप्ता |

# अनुसूची २
## दोश्रो आवधिक योजनाको खाका

१. परिचय

१.१ पृष्ठभूमि

१.२ प्रथम त्रिवर्षीय योजनाको समीक्षा

१.३ दीर्घकालिन सोच पोखरा २१००

१.४ विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतिहरू

२. दोश्रो पञ्चवर्षीय योजनाको कार्यदिशा

३. पोखराको समुन्नतिका संवाहक क्षेत्रहरू

क **आर्थिक विकास**

१. पृष्ठभूमि/विद्यमान अवस्था

२. मुख्य सवाल तथा चुनौतिहरू

३. मुख्य नीतिहरु (सोच, लक्ष्य, उद्देश्य तथा रणनीति)

४. प्रमुख रणनीतिक कार्यक्रमहरु (परिमाणात्मक लक्ष्य र बजेट अनुमान सहित)

| क्रसं | कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | | लक्ष्य मापनका सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

यस पछि (ख) देखि (ङ) सम्मका सबै क्षेत्र तथा उपक्षेत्रका लागि पनि यसै बमोजिमको ढाँचा हुनेछ ।

ख. सामाजिक विकास

ग. पुर्वाधार र शहरी विकास

घ. पर्यटन, बातावरण र विपद व्यवस्थापन र

ङ. सुशासन र संस्थागत विकास

४. योजना कार्यान्वयन अनुगमन र मुल्याङकन

## सन्दर्भ सामग्री


१.   नेपालको संविधान

२.   पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) राष्ट्रिय योजना आयोग

३.   सोह्रौ योजना (२०७८/७९-२०८०/८१) राष्ट्रिय योजना आयोग (मस्यौदा)

४.   स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ राष्ट्रिय योजना आयोग

५.   प्रथम पञ्चवर्षीय योजना (२०७८/७९-२०८०/८१) गण्डकी प्रदेश नीति तथा योजना आयोग

६.   दोश्रो पञ्चवर्षीय योजना (२०७८/७९-२०८०/८१) गण्डकी प्रदेश नीति तथा योजना आयोग (मस्यौदा)

७.   पोखरा २१०० तथा आवधिक रणनितिक कार्ययोजना (२०७७-८२)

८.   पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१)

९.   पोखरा महानगरपालिकाको विभिन्न आवका बार्षिक नीति तथा कार्यक्रम

१०.   वार्षिक प्रगति प्रतिवेदन (आर्थिक वर्ष २०७९/८०) पोखरा महानगरपालिका